संवत् २०७४ को

# जगदम्बा-श्री

तथा

# मदन पुरस्कार

समर्पण समारोह

२०७५।०६।२५।५

# कार्यक्रम

सभारम्भ

मदन पुरस्कार गुठी अध्यक्षबाट स्वागत

गुठीका अध्यक्षबाट पुरस्कार अर्पण

श्री डा. तीर्थबहादुर श्रेष्ठबाट विद्वद्प्रवचन

'जगदम्बा-श्री'द्वारा सम्मानित श्री शान्तदास मानन्धरज्यूको उद्गार

'मदन पुरस्कार'द्वारा सम्मानित 'योगमाया'का स्रष्टा नीलम कार्की निहारिकाको उद्गार

गुठीका सदस्य सचिवबाट धन्यवाद ज्ञापन

सभा विसर्जन तथा जलपान

# गुठीका अध्यक्ष श्री कुन्द दीक्षितद्वारा स्वागत भाषण

ॐ असतोमा सद्गमय। तमसोमा ज्योतिर्गमय। मृत्योर्मा अमृतं गमय॥

ॐ शान्ति:! शान्ति:! शान्ति:!

**आदरणीय तीर्थबहादुर श्रेष्ठजी, माननीय हाम्रा 'ब्यौलाद्वय' शान्तदास मानन्धरज्यू र नीलम कार्की निहारिकाज्यू तथा उपस्थित विद्वान्-विदुषी र मित्रहरू।**

भाषा, साहित्य र कला-संस्कृतिको विकास, विस्तार र प्रबर्धन गर्ने उद्देश्यका साथ यस संस्थालाई प्रत्यक्ष तथा परोक्ष माया गर्ने, सल्लाह-सुझाव दिने सबै अग्रज अभिभावकहरूप्रति हार्दिक श्रद्धा। यहाँ म नेपाली भाषा सामग्रीहरूको सङ्कलन तथा संरक्षणका अतिरिक्त मदन पुरस्कार गुठीका माध्यमद्वारा मदन पुरस्कार र जगदम्बा-श्री सम्मानको कल्पना गर्ने, सम्पूर्ण प्रबन्ध मिलाउने र यसैमा अनवरत

खटिने यस संस्थाका संस्थापक स्वर्गीय कमल दीक्षितलाई स्मरण गर्दछु। यी सबै काम तथा संस्थाको आधार तयार गरिदिने स्वर्गीय मदन शमशेर र रानी जगदम्बालाई स्मरण गर्दछु।

गुठीका अध्यक्षका रूपमा दोस्रोपटक यस ठाउँमा उभिँदा मैले मदन पुरस्कार तथा जगदम्बा-श्रीबाट सम्मानित सबैलाई स्मरण गर्छु र सबैप्रति आभार प्रकट गर्दछु। ६० वर्ष लामो यस परम्परामा सँगै हिड्ने, हिड्नलाई प्रेरणा दिने, हौसला बढाउने यहाँ उपस्थित हुने र बाहिर बसेर माया गर्ने सबैलाई हार्दिक धन्यवाद। हार्दिक स्वागत।

प्रकृतिविद् डा. तीर्थबहादुर श्रेष्ठज्यू, यहाँलाई २०६३ सालको जगदम्बा-श्रीबाट सम्मानित गर्न पाउँदा जति आनन्दित भएका थियौं, त्यस्तै आनन्द यहाँका प्रेरणादायी, ज्ञानमूलक विषयवस्तुहरूका प्रत्येक लेखहरूबाट प्राप्त हुने गर्छ। आजको यस समारोहमा विद्वद् प्रवचनका लागि हामीले गरेको आग्रह स्वीकार गरी पाल्नुभएकोमा यहाँप्रति धन्य छौं। यहाँको विशाल ज्ञानभण्डारबाट सदासर्वदा सान्दर्भिक रहने ‘प्रकृति र मानव जीवन’का विषयमा हामीले नयाँ कुरा सिक्नेछौं, बुझ्नेछौं। म यहाँलाई हार्दिक स्वागत गर्दछु।

शान्तदास मानन्धरज्यू, यहाँसँग मेरो प्रत्यक्ष भेटघाट नभएपनि हाम्रा नयाँ पुस्ताले यहाँका कैयौं पुस्तकहरू पढेर नेपाली कथा परम्परा सिकेको, बुझेको कुरा हाम्रा लागि अविस्मरणीय बनेको छ। भविष्यको यो पुस्तालाई यहाँ र यहाँ जस्तै बाल-साहित्य, लेखन, सम्पादनमा सदैव सक्रिय रहने व्यक्तित्वहरूको खाँचो छ। यहाँको प्रेरणा, माया र आशीर्वाद आवश्यक छ। यहाँको निरन्तरता हाम्रा लागि प्रेरणा बनोस्। यहाँलाई पनि सधन्यवाद स्वागत गर्दछु।

नीलम कार्की निहारिकाज्यू, यहाँको पुस्तक *योगमाया*लाई मदन पुरस्कारबाट सम्मानित गर्न सक्दा समाजले कम देखेका, कम लेखेका, कम सुनेका वा कम बुझेका थुप्रै पात्रहरू साहित्य मार्फत् हाम्रा अगाडि आउनेछन् भन्नेमा विश्वास गर्ने ठाउँ बनेको छ। यहाँलाई बधाई। यहाँको लेखनीले निरन्तरता पाइरहोस्।

अन्त्यमा,

आदरणीय विद्वद्जन्, हामी अहिले भेला भएको ठाउँ नजिकैको बैठकमा २०१२ सालमा मदन पुरस्कार गुठीको जन्म भएको थियो। अघिल्ला पुस्ताका भाषा/साहित्य अनुरागीहरूले त्यसलाई हुर्काई

बढाई यो स्थानसम्म ल्याइपुऱ्याउनु भयो। भौतिक रूपमा अब त्यो बैठक ऐले छैन, यसका जन्मदाता र कर्मदाताहरू मध्ये पनि धेरै हामीसँग हुनुहुन्न। तर सोही परम्पराको निरन्तरता दिने हाम्रो प्रयासमा साथ दिन, हौसला दिन यस स्थलमा पाल्नुहुने यहाँहरूलाई स्वागत निवेदन गर्दछु। यहाँहरूको उपस्थितिले हाम्रो हौसला बढेको छ।

धेरै धन्यवाद

सबैको जय होस्।

# म र मेरो नेपाल

**मदन पुरस्कार गुठी परिवार, जगदम्बा-श्रीद्वारा सम्मानित श्री शान्तदास मानन्धरज्यू, मदन पुरस्कारबाट सम्मानित नीलम कार्की निहारिकाज्यू तथा यस समारोहमा पाल्नुहुने सम्पूर्ण अतिथिहरू।**

यसो फर्केर हेर्दा मेरो सम्पूर्ण जीवनकाल वि.सं. १९९४ देखि २०७५ सालसम्म संक्रमण राजनीतिको छत्रछायाँमा नै बित्यो जस्तो अनुभव भइरहेको छ। शैशवकालको बेला १९९७ सालको शहीद काण्ड पटक्कै सम्झनामा छैन। त्यस्तै २००७ साल पनि ‘जिन्दावाद’ र ‘मुर्दावाद’ भनेर उफ्रने बाहेक अरू केही भएन। त्यसपछि २०१७ सालसम्म पढाइतिर लागें। सम्वत् २०१७ मा विश्वेश्वरप्रसादको सरकारले जागिरे बनाइदियो। त्यसपछि २०४७ सालमा गिरिजाप्रसादले ढाक्रे बनाइदिए। ३० वर्षको जागिरे अवधिमा नेपाल

घुमेर हेरें। नेपाली दिदीबहिनी, दाजुभाइलाई भेटेरै ढोगभेट गरियो। आजका दिनमा फर्केर हेर्दा त्यो नेपाल कहाँ पुग्यो र ती नेपाली कहाँ छन् भन्ने प्रश्नहरू मगजमा खेलिबस्छ।

मेरो शैशवकालमा जति जनसंख्या नेपालभित्र थियो अहिले प्रायः उत्तिकै नेपाली नेपाल बाहिर छन्। किन? काम र मामको खोजीमा अरूको सेवा गर्न, नोकरी गर्न, चाकरी गर्न, गुलामी गर्न। उत्तम खेती, मध्यम व्यापार र निर्घिन चाकरी भन्दथे हाम्रा पूर्वजहरू। त्यसको अर्थ जति सेवा क्षेत्रबाट कमाइ हुन्छ, त्योभन्दा बढी वाणिज्य र उद्योगबाट हुनुपर्छ। त्यसभन्दा अझ बढी आम्दानी कृषि र वन क्षेत्रबाट हुनुपर्छ। अर्थ–व्यवस्थाको यो तीनतले मन्दिर (आर्थिक पिरामिड) स्थायी र दिगो विकासको मूल स्तम्भ बन्न सक्छ। हामीले हाम्रै भूमि व्यवस्था र आफ्नै माटोको उब्जनीबाट समृद्धि भित्र्याउन सक्नुपर्छ।

हाम्रा स्रष्टा एवं द्रष्टाहरूले राष्ट्रिय विकासका लागि कृषि क्षेत्रलाई अगाडि सार्दा तराई–मधेशमा अन्नबाली, पहाडमा फलफूल र तरकारी एवं हिमालमा पशुपालनको विकासलाई निर्देशित सिद्धान्तको रूपमा अवलम्बन गर्न सिफारिश गरेका हुन्। यिनै तराई, पहाड र हिमाललाई अझ नियालेर हेर्न र बुझ्न सकेनौं र तिनका

प्रकृति, तिनका परिवेश र तिनका प्रवृत्ति सम्मत विकास निर्माण गर्न सकेनौं भने हाम्रो राष्ट्रको भौतिक स्थिरता (Physical Stability) मा संकट आउन थाल्छ।

**हिमाली क्षेत्र**

नेपालको २३ प्रतिशत भूभाग ५,००० मिटरभन्दा उच्च भागमा पर्न आउँछ। त्यहाँ सामान्यतया बाह्रै महीना हिउँ जम्छ। हिउँकै घर भएकोले यसलाई (हिम+आलय) 'हिमालय' भनेको हो। यही घरमा रहस्यमय प्राणी यती पनि बस्छ भन्ने धेरैको विश्वास छ। कतिपय वैज्ञानिकहरू यतीको अस्तित्वलाई स्वीकार्दैनन्। यतीको अस्तित्व स्वीकारे पनि नस्वीकारे पनि यती जस्तो हिममानवको बासस्थान पृथ्वीमा कतै छ भने त्यो हिमालय नै हुनुपर्छ। यती कौतुहल बचाइराख्नु उचित हुन्छ।

विश्वको सर्वोच्च शिखर सगरमाथा लगायत कञ्चनजंगा, ल्होत्से, मकालु, चोयु, धौलागिरि, अन्नपूर्ण, मनास्लु, लाङटाङ आदि हिमशिखरहरू विश्व पर्वतारोहण परिदृश्यमा विशिष्ट नाम हुन्। पर्वतारोहण र पर्यटनको प्रत्यक्ष सम्बन्ध पर्यावरणसँग गाँसिएको हुन्छ।

स्थानीय प्रदूषणका विषयमा नेपालले सकारात्मक कदमहरू चाल्दै आएको छ। तर विश्वको बढ्दो तापमानको प्रभाव भने हामीले आकलन गर्न सकेका छैनौं। विभिन्न अध्ययनले देखाउँदछ कि विश्व तापमान वृद्धिको परिदृश्यमा नेपालको तराई र पहाडमा भन्दा हिमाली क्षेत्रमा तापमान धेरै बढ्दोछ । एकताका सन् २००७ मा प्रकाशित अन्तर्राष्ट्रिय तथ्याङ्कले सन् २०३५ सम्ममा हिमालय सबै पग्लिसक्छ भन्ने होहल्ला पनि मच्चाइएको थियो। यस्ता मिथ्याङ्कले पनि हामी पीडित छौं। तथ्याङ्क र मिथ्याङ्कको फन्दामा नपर्दा पनि हिमालको हिउँ घटेको अनुभव र अवलोकनहरू बारम्बार सुन्ने गरेका छौं। हिमालयमा जमेको हिउँमा कार्बनका कणहरू भेट्टाइएका छन्। हिमालको थाप्लोमा मडारिने कालो बादल हाम्रा नयाँ पाहुना हुन्। हाम्रा छिमेकी राष्ट्र भारत र चीनको औद्योगिक विकासको प्रदूषण 'एशियन कालो बादल' (Asiatic Brown Cloud) नामले प्रसिद्ध छ। हाम्रा हिमाल, हिमनदी तथा हिमतालहरू अस्थिर र जोखिमपूर्ण अवस्थामा पुग्न थालेका छन्। यसप्रति बेलैमा सचेत भएर जोखिम कम गर्ने क्षेत्रीय एवं अन्तर्राष्ट्रिय कदमहरू चाल्न ढिलो गर्नुहुँदैन। विश्व जलवायु परिवर्तन विशेष गरेर विश्व उष्णीकरणको पहिलो शिकारको रूपमा हिमालय खडा छ।

**लेकाली क्षेत्र**

सामान्यतया ३००० मिटरभन्दा उच्च भू–भागलाई लेकाली क्षेत्र मान्यौं भने त्यहाँ खेतीपाती हुँदैन। अपवादका रूपमा हिमालपारिका भोट क्षेत्र भने ४,००० मिटरसम्म पनि अन्नबाली लाग्दछ। किनभने त्यहाँ घाम लाग्छ। बादलले छेक्दैन।

हिमालय पर्वत श्रेणीको दक्षिणी भेकमा ४,००० मिटरको उँचाइ माथि रूख उम्रिंदैन। सबैभन्दा उच्च क्षेत्रमा हुर्कने मुख्य रूख भोजपत्र हो। त्यसका साथमा विभिन्न चिमाल र गुराँस तथा केही ठिंग्रे सल्ला पनि हुन्छन्। वृक्ष रेखाभन्दा उपल्लो लेकपाटनमा घाँसे मैदान अधिक हुन्छ र हजार भन्दा बढी प्रजातिका भुईं फूलहरू प्रशस्तै फुल्दछन्। तिनका साथमा जडीबुटीहरू पनि प्रशस्तै फस्टाउँछन्। आर्थिक दृष्टिले लेकाली क्षेत्र पशुपालन र जडीबुटीका लागि उपयुक्त ठहरिन आउँछ। हाम्रो लेकाली क्षेत्र मेचीदेखि महाकालीसम्म सामान्यतया एकैनासको वन–वनस्पति पाइने क्षेत्र हो। पहाडी क्षेत्रमा जस्तो पूर्व–पश्चिम भिन्नता लेकाली भागमा पाइँदैन।

हाम्रो लेकाली भू–भागको उत्पादन र उत्पादकत्वलाई वर्तमानमा आएर तीनतिरबाट नकारात्मक प्रभाव पार्दैछ। पशुपालनमा विशेष

दक्खल सँगालेका गोठालाहरू विदेश पलायन भएबाट लेकाली खर्क र पाटनहरू रित्तिन थालेका छन्। जलवायु परिवर्तनको प्रभाव त्यसमा थपिनाले चरिचरन क्षेत्र काँडेदार झारको अतिक्रमणमा पर्न थालेका उदाहरणहरू उजागर हुन थालेको छ। प्राकृतिक वृक्ष रेखामा फेरबदल भएर जैविक विविधतामा प्रभाव देखिन थालेको छ। यार्चा गुम्बु लगायत बहुमूल्य जडीबुटीको उत्पादनमा विशेष व्यवस्थापनको खाँचो देखिन थालेको छ। लेकाली उत्पादनको विकासमा राष्ट्रिय प्रयास न्यून रहेको अवस्था छ। बेलैमा सचेत हुन आवश्यक छ।

**पहाड–पर्वत**

नेपालको परिचय विशेषमा पहाड–पर्वतका कुरा अधिक झल्कन्छ। हुन पनि औलो निर्मूल हुनु भन्दा पहिलेको नेपाललाई नियाल्यौं भने अधिक मानव बस्ती पहाडैतिर केन्द्रित थियो। पहाडिया मूलका शासक र प्रशासकका कारण पनि नेपालको परिचय पहाड–पर्वतसँग अधिक जोडिन पुग्यो। त्यसमा हिमालयको प्रभाव थपिन पुग्दा नेपालको पहिचान नै हिमाल, पहाड–पर्वत अर्थात् अंग्रेजी शब्दले 'माउन्टेन' भन्ने परिवेश बुझिन थाल्यो। यस पृथ्वीको लगभग २४

प्रतिशत भूभाग पहाड–पर्वतले ओगटेको छ, तर पनि माउन्टेनको परिभाषा चित्त बुझ्दो रूपमा स्थापित भएको छैन। पहाड–पर्वत अझै पनि कौतुहलको विषय छ। पहाड बुझ्न त्यसलाई चढेरै हेर्नुपर्ने हुन्छ। आफैंले नव्यहोरिकन पहाड–पर्वत बुझ्न सकिंदैन। तसर्थ, हाम्रा छिमेकी राष्ट्रहरूलाई पनि नेपाल बुझ्न गाह्रो छ।

नेपाल हिमाल, पहाड र तराईको संयुक्त रूप हो। तर, यिनको परिभाषा र नामकरण गर्ने विद्वानहरूबीच एकमत छैन। सबैभन्दा सरल परिभाषा डा. हर्क गुरुङले जुराइदिएका छन्। उनका अनुसार बाह्रैकाल हिउँ जम्ने क्षेत्रलाई 'हिमाल' (५००० मिटर भन्दा उच्च क्षेत्र), जाडोमा हिउँ पर्ने र अरू बेला खुल्ने क्षेत्रलाई 'लेक' (३०००–५००० मिटर), र हिउँ नपर्ने खण्डलाई 'पहाड' (३००० मिटरभन्दा होचो भाग) भन्ने अवधारणा स्थापित हुन्छ।

हिमाली क्षेत्रले नेपालको २३ प्रतिशत भूभाग ओगटेको छ। लेकाली क्षेत्रले २० प्रतिशत जमीन ओगट्छ र त्यहाँ लगभग ७ प्रतिशत मात्र जनसंख्या छ। पहाडी क्षेत्रले ३० प्रतिशत भूभाग ओगट्छ र त्यहाँको जनसंख्या सम्पूर्ण नेपालको ३८.१७ प्रतिशत पुग्न आउँछ। जनसंख्या र जमीनको दृष्टिले वर्तमान नेपालको पहाडी क्षेत्र संवेदनशील र चलायमान (Dynamic) अवस्थामा छ। २०१८ सालदेखि २०३७

सालको दौरानमा मैले घुमेका पहाडमा कहीं सडक थिएन। वन राष्ट्रियकरणको प्रभाव र काठ–दाउराको अभावले वन मासिने क्रम तीव्र थियो। डाँडाहरू नाङ्गिने र मानिसहरू तराईतिर बसाइँ सर्ने प्रवृत्ति बढ्दै थियो। भूक्षयका कहाली लाग्दा वृत्तान्तहरू पढ्न पाइन्थ्यो।

पहाडी क्षेत्रलाई 'मिडल माउन्टेन' (Middle Mountain) भन्ने संज्ञा प्रचलित छ। जैविक विविधता विशेष गरेर वन विविधताको दृष्टिले पहाडी क्षेत्र ज्यादै धनी छ। नेपालका विभिन्न ३५ प्रकारका वनमध्ये २८ प्रकारका वन यस क्षेत्र भित्र भेटिन्छ। पर्यावरण (Ecosystem) को विवधताले हेर्दा नेपालका ११८ विभिन्न पर्यावरणमध्ये ५३ वटा यसै क्षेत्र भित्र पाइन्छ। नेपालको सांस्कृतिक विविधताको सर्वाधिक प्रचुरता यही पहाडी क्षेत्रमा कायम छ। जात–जाति, भाषा–भाषी, भेषभुषाको विविधता मेचीदेखि महाकालीसम्मको पहाडी क्षेत्रमा अधिक भेटिन्छ। वर्तमान नेपालका पहाडी जिल्लाहरू प्रायः सबै सडक संजाल भित्र परिसकेका छन्। पंचायतकालको गाउँ फर्क र जनश्रमदान त्यसपछि 'आफ्नो गाउँ आफैं बनाऔं' भन्ने अभियान र संघीय संरचनाको नयाँ जोशले बाटो खन्ने कामलाई सर्वाधिक महत्व दिइआएको छ। बाटो खन्नुको अर्को नियति नयाँ पहिरो निम्त्याउनु र

सवारी दुर्घटनामा ज्यान फाल्नु स्वाभाविक बनेको छ। मोहन मैनालीले *देखेको देश* (२०७५) मा पहाडी बाटोको वातावरणीय चिन्ता प्रष्टसँग उजागर गरेका छन्। समयमा नै गल्ती सुधार भयो भने हाम्रा पहाडी परिवेश घाउ निको पार्न सक्षम छ। त्यसको ज्वलन्त उदाहरण सामुदायिक वन व्यवस्थापनले स्थापना गरेको छ। नेपालका २२ हजारभन्दा बढी सामुदायिक वनमध्ये पहाडी क्षेत्रका सामुदायिक वनको भूमिका सराहनीय सावित छन्।

वातावरणको दृष्टिले पहाड सक्रिय रूपमा जिउँदो छ। पहाडलाई फलफूल, तरकारी र जडीबुटी खेतीले समृद्ध बनाउन धेरै समय लाग्दैन। चिया, कफी, सुठो, अदुवा र अलैंची मात्र हैन चिराइतो र टिमुर जस्ता जडीबुटी पनि प्रशस्तै उत्पादनमा छन्। वस्तुत यदि हामीले हाम्रो तराई र पहाडलाई उत्पादनशील बनाउन सक्यौं भने हामीकहाँ आइपुग्ने रेल होस् वा ट्रक यहाँबाट रित्तै फर्कनुपर्ने स्थिति आउँदैन।

पहाडी क्षेत्रको विकासमा जलविद्युत्लाई विशेष बढावा दिने र पर्या–पर्यटनको विकासमा अरू सक्रिय हुनुपर्ने कुरामा दुईमत नहोला। तर जमीनको स्थायित्व र समन्यायिक सामाजिक व्यवस्थामा कुनै आँच आउनुहुँदैन।

**तराई–मधेश**

म मेरी आमाको काखमा दुई वर्षको दूधेबालक छँदा चितवनको जंगलमा जुद्धशमशेरको एउटै शिकारमा १२० वटा बाघ, ३८ वटा गैंडा, १५ वटा भालु र २७ वटा चितुवाको शिकार भएको थियो। अंग्रेज पाहुना लर्ड लिनलिथगो (Lord Linlithgow) पनि कति प्रसन्न भए होला? चितवनको वनजंगल कति घना थियो होला? आज त्यहाँ मात्र ९३ बाघ छन्। त्यो पनि सरकार, सेना र अन्तर्राष्ट्रिय संघसंस्थाको ४६ वर्षको प्रयास पछि। चितवनदेखि पूर्वमा कोशी नदीसम्मको तराई भावरमा पनि निकै घना वनजंगल थियो भन्ने विवरण कोलोनेल कर्कपाट्रिक (Colonel Kirkpatrik) ले आजभन्दा २२५ वर्ष पहिले (सन् १७९३) उल्लेख गरेका थिए। सोमेश्वरदेखि कोशीसम्मको क्षेत्रबाट प्रत्येक वर्ष २०० देखि ३०० हात्तीलाई जंगलबाट कब्जा गरेर भारतमा बिक्री गर्न लैजाने चलन थियो। अहिले यो क्षेत्र प्रदेश–२ मा पर्न आउँछ। सबैभन्दा कम वन क्षेत्र भएका जिल्ला त्यहीं पर्छन्। जनघनत्व त्यहीं बढी छ। बाढीको प्रकोपले त्यहींका मानिस बढी प्रभावित छन्। सप्तकोशी शत्रुभन्दा निर्दयी बनेर पूरा जिल्ला नै सप्तरी (सप्त+अरी) को नामले स्थापित छ।

प्रत्येक वर्षको वर्षायाममा मानिसहरू एक जीवन बाँच्न हजार मृत्युको सामना गर्दछन्।

प्रदेश–२ मा केही मौलिक वन बाँकी रहेको क्षेत्र बारा, पर्सा र रौतहटमा पर्दछ। बाराको वन आजभोलि चर्को विवादमा छ। त्यस जिल्लामा हाल ३० हजार ८०० हेक्टर वन क्षेत्र कायम छ। त्यसमध्ये २७ प्रतिशत लगभग ८ हजार हेक्टर वन मासेर अन्तर्राष्ट्रिय विमानस्थल र त्यसका लागि आवश्यक नगर निर्माणको प्रस्ताव छ। त्यस आयोजनाको विवरणले २४ लाख रूख बारा जिल्लामा काटिने र त्यसको बदला ६ करोड १२ लाख रूख अन्यत्र रोप्ने कुरा बताउँछ। रूख रोप्ने कहाँ हो भन्ने ठाउँको यकिन छैन। रूख रोपिहाल्दा पनि सयौं वर्षको समयावधि पछि मात्र वनले आफ्नो स्वरुप लेला। भनिन्छ सालको वृक्ष ‘सौ साल खडा, सौ साल लडा र सौ साल सडा’। समयान्धी सोच (Time blind thinking) वातावरणका लागि उपयुक्त हुँदैन।

‘तराई हेर कति राम्रो हरियो वन हुनाले’ भन्ने लोकप्रिय गीत वास्तवमा २०१७ साल पहिलेको नेपालमा अति उपयुक्त हुने थियो। त्यसवेला वनका रक्षक एवं संरक्षक थिए लामखुट्टे र तिनका भाञ्जा औलोको ज्वरो। औलो निर्मूल भएदेखि तराई–मधेश वन कसैबाट

सुरक्षित भएन। वि.सं. २०१७ देखि २०३७ सम्म निकै वन फडानी भयो र वनक्षेत्र घटेर ६,४५,३०० हेक्टरमा झऱ्यो। त्यो आँकडा १२/१३ वर्षपछि २०५० साल ताका ५,४५,९०० हेक्टरमा झऱ्यो।

आजभन्दा चार वर्ष पहिले सन् २०१४ को सरकारी आँकडाले नेपालको तराई क्षेत्रको २०.४१ प्रतिशत भूभागमा मात्र वन क्षेत्र (४,११,५८० हेक्टर) कायम छ। बारा जिल्लामा निजगढको अन्तर्राष्ट्रिय विमानस्थल र सुदूर–पश्चिम प्रदेशको राजधानी बसाउन तराई भावरको वन माथि नयाँ दबाब सिर्जना हुँदैछ। वर्तमान नेपालको तराई भावर र चुरेको पारिस्थितिकीय प्रणालीमा हाल मौजुदा वन क्षेत्रको अहं भूमिकालाई बिर्सेर वन अतिक्रमण र जग्गा अधिग्रहण गर्न थाल्नु विकास नभई विनाशको कारण बन्न सक्छ। वातावरणीय सन्तुलन र स्थिरतामा आघात पुग्छ। अझ चुरेलाई नै चिरेर पूर्व–पश्चिम लोकमार्ग निर्माण गर्ने हो भने त्यो 'विनाशकाले विपरीत बुद्धि' हुन जानेछ।

नेपालमा तराईको वनजंगल र संरक्षित क्षेत्रहरू विश्वकै दुर्लभ वन्यजन्तु र वनस्पतिका अन्तिम आश्रयस्थलको रूपमा मौजुद छन्। संरक्षित क्षेत्रहरूलाई बाहिरी अरू वन क्षेत्रहरूले जैविक मार्ग र आश्रयस्थलको टेवा दिन सकेन भने हाम्रा राष्ट्रिय निकुञ्जहरू मानव

सागरका बीचमा टुप्लुक्क टापु मात्र हुनेछन्। तिनको भविष्य लामो हुँदैन। आजभोलि चर्चामा रहेको निजगढ विमानस्थलले जंगली हात्तीको आवतजावत गर्ने जैविक मार्ग अवरुद्ध हुन्छ। कैलालीको गोदावरी क्षेत्रमा वन विनाश भयो भने पाटे बाघको जैविक मार्ग अवरुद्ध हुन्छ। बाघ, हात्ती, गैंडा आदि जीवजन्तु पर्यावरणका 'स्ट्रिटलाइट' जस्तै संकेत चिह्न मात्र हुन्।

वर्तमान अवस्थामा तराई, भावर, चुरे र मधेशको वनलाई संरक्षण दिन सकेन भने यस क्षेत्रको कृषि विकासमा पनि नकारात्मक प्रभाव पर्दछ। तराई–मधेशलाई अन्नबाली उत्पादनको मूल थलो बनाउने सपना साकार हुँदैन। आजभोलि हाम्रा तराई जिल्लाहरू जाडोको याममा शीतलहरको शिकार बनिरहेका छन्। भारतको काश्मिरदेखि बंगलादेशसम्म शीतलहरबाट प्रभावित हुन्छन्। यसको मूल कारण वन विनाश र प्रदूषण विकास हो। तराईको वातावरणीय सुरक्षाका लागि न्यूनतम वन क्षेत्र कति आवश्यक पर्छ र हाम्रा संवेदनशील क्षेत्रहरू (Critical hot spots) कहाँ छन् भन्ने शीघ्र पहिचान हुनुपर्छ। तराई, भावर र चुरेका अति संवेदनशील क्षेत्रहरूका लागि संरक्षण नीति पनि तर्जुमा हुनुपर्छ। त्यसो हुन सके मात्र नेपालको ५४.२६ प्रतिशत जनसंख्या बोक्ने भूमि स्थिर र दिगो बन्न सक्ला।

**अन्त्यमा,**

नेपालको अस्तित्व हिमाल, पहाड र तराईको सहअस्तित्वमा टिकेको छ। हराभरा तराई, रसिलो पहाड र सुन्दर हिमालको परिदृश्यमा नेपालको पहिचान खुल्दछ। वर्तमान अवस्थामा जनसंख्या वृद्धि र त्यसभित्रको चलखेल, भू–उपयोगमा फेरबदल तथा जलवायु परिवर्तनका विशेष प्रभावले हिमाल पग्लन थालेको छ। पहाड भत्कन थालेको छ। तराई मरुभूमि बन्दछ। मरुभूमिलाई फुलााएर मह र दूधको देश बनाउने संकल्प इजरायलीहरूले पूरा गरे। अब नेपालीहरूले तराईलाई अन्न भण्डार, पहाडलाई फलफूल-तरकारीको बागवानी र लेकाली क्षेत्रलाई पशुधन र जडीबुटीले सम्पन्न बनाउने अठोट गर्नु परेको छ। गार्हस्थ्य उत्पादनको परिदृश्यमा सेवाबाट प्राप्त हुने राशिलाई व्यापारले जित्नु छ र व्यापारलाई कृषिले उछिन्नु छ। कृषि, व्यापार र सेवाको त्यस सन्तुलित अनुपातलाई मजबूत बनाउन वन र हरियाली अनि वनस्पति र वन्यजन्तुको संरक्षणलाई भुल्नुहुँदैन। त्यसका लागि आवश्यक शक्ति संचालन गर्ने क्रममा नेपाली जनशक्ति र नेपालको जल शक्तिलाई सर्वोपरि महत्व दिनुपर्दछ। समृद्ध नेपाल र सुखी नेपालीको सपनालाई विपनामा साकार पार्न नेपाललाई ब्युँझेर हेर्न सकौं। यही मेरो शुभकामना।

# जगदम्बा-श्रीबाट सम्मानित
# श्री शान्तदास मानन्धरज्यूको उद्‌गार

**मदन पुरस्कार गुठीका आदरणीय अध्यक्षज्यू,**
**मदन पुरस्कारद्वारा सम्मानित श्रद्धेय नीलम कार्की निहारिकाज्यू,**
**यस विशिष्ट समारोहमा उपस्थित महिला तथा सज्जनवृन्द,**

बालबालिकाको दुनियाँमा रमाइरहेको मलाई "बाल साहित्यको विकास, विस्तार र प्रवर्धनमा पाँच दशकदेखि समर्पित" भनेर सम्झनुभएको बेला सबभन्दा पहिले यस क्षेत्रमा पाइला टेक्न र दरो भई लागिरहन मलाई अनवरत रूपमा बल र जाँगर दिइरहनुहुने सबै सबैलाई सम्झँदै उहाँहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

वि.सं.२०१५ तिरको कुरा हो, अङ्ग्रेजी भाषामा स-साना निबन्धहरू लेखेर तयार पारेको कितापका लागि भूमिका लेखिदिन आदरणीय गोपालप्रसाद रिमालकहाँ अनुरोध गर्न जाँदा,"तिम्रा लेखहरू राम्रा छन्, किन अङ्ग्रेजीमा लेखेको, नेपालीमा लेख्नू अनि म लेखिदिन्छु"

भनेर मलाई नेपाली भाषामा लेख्न लगाउनुहुने उहाँलाई आज म झल्झल्ती सम्झिरहेछु। वास्तवमा त्यस दिनदेखि नै मैले नेपाली भाषामा लेख्न थालेको हुँ। त्यसै ताकाको कुरा हो, स्कुलहरूमा पढाउँदै हिंड्दा मैले के कुरा थाहा पाएँ भने बालबालिकाहरू चित्रकला बढी मन पराउनुहुन्छ र चित्रका माध्यमबाट पढाइएका कुरा उहाँहरूका निम्ति बढी रुचिकर र प्रभावकारी हुन्छ। त्यसैले मैले चित्रकलाकै माध्यमबाट बालबालिकाहरूलाई सिकाउँदै जाँदा म बालबालिकाहरूसित राम्ररी नजिक हुन पाएँ र मैले उहाँहरूको विषयमा नजानेका र नदेखेका धेरै धेरै राम्रा कुरा देख्न र जान्न थालेँ। ती सब कुराले नै मलाई बालसाहित्य मार्फत् यस क्षेत्रको सेवामा लागिरहन सक्ने बनाएको हुनुपर्छ।

वि.सं.२०१६ तिर आदरणीय श्यामप्रसाद शर्मासित मेरो सम्पर्क भएथ्यो र 'साहित्य' पत्रिकासित गाँसिने अवसर मैले पाएँ। त्यसैताका मैले नेपाली तथा विदेशी लेखकहरूका कितापहरू पनि पढ्ने मौका पाएँ। खासगरी चीनका लेखक लू सुन र रुसका लेखक गोर्कीका केही कितापहरू पढ्न पाएँ। उहाँहरूका लेखहरूले विद्यालयका बालबालिकाहरू बीच काम गरिरहेको मलाई बालबालिकाहरूको क्षेत्रमा राम्ररी लाग्न अझ प्रेरित गरे । वि.सं.२०१७ पछि, मेरो आफ्नै

वडाको ‘बालसेवा विद्याश्रम’ (निम्न माध्यमिक)मा प्रधानाध्यापक भई शिक्षा क्षेत्रमा सक्रिय हुने मौका पनि पाएँ। त्यतिखेर हाम्रा विद्यालयहरूमा विज्ञान र स्वास्थ्यजस्ता विषयहरू पढाइन्नथ्यो तर हामीले आफ्नै पहलमा त्यतिबेलै सबै कक्षाहरूका लागि विज्ञान, स्वास्थ्य र चित्रकला सम्बन्धी पाठ्यसामग्री तयार पार्‍यौर पढायौँ। यी तीन विषय समेत पढ्न पाउँदा केटाकेटीहरू राम्ररी रमाउनु भएको थियो। त्यसै बेला हामीले हाम्रो विद्याश्रममा हरेक शुक्रबार विद्याश्रमको प्राङ्गणमा अतिरिक्त कार्यक्रमहरू– गाउने, नाच्ने, कविता–कथा सुनाउने तथा सरसफाइको काम गर्ने आदि चलायौँ। त्यसका साथै विद्याश्रमका बालबालिकाहरूका लागि आफ्नै तत्परतामा ‘तारा’ नाउँको भित्ते बाल–पत्रिका पनि निकालेँ। यसरी त्यसबेलाका त्यहाँका गतिविधिहरू र तिनै पत्रिकाले समेत मलाई बालसाहित्य जगत्मा पाइला टेक्न लगाएको हुन सक्छ।

बालबालिकाहरूका लागि कितापहरू खोज्ने क्रममा त्यतिबेला बजारमा ‘पञ्चतन्त्रका कथाहरू’, ‘हितोपदेशका कथाहरू’ र ‘इसप नीतिकथा’ मात्र उपलब्ध भएको कुरा थाहा पाएँ। त्यति बेला महाकवि देवकोटा एकै जना हुनुहुन्थ्यो जसले बालकहरूलाई नै भनेर केही कविताका कितापहरू लेख्नुभएको थियो तर उहाँका कविताहरू

बालबालिकाहरूका लागि सरल भने थिएनन्। वि.सं. २०२२ सालतिर मैले दुर्गालाल श्रेष्ठसित नेवारभाषामा बालकविताहरू लेख्न पटक पटक अनुरोध गरेँ। उहाँले एउटा किताप नै तयार पार्नुभयो। ती कविताहरूको सँगालो “चिनियाम्ह किसिचा” नाउँबाट निस्केको थियो। त्यसको गाता मैले नै बनाएको थिएँ। चिनिया कविताहरूको अनुवादको अर्को सानो पुस्तक पनि उहाँले तयार पार्नुभयो। ‘चिनिया चम्पा’ नाउँको त्यो पुस्तक ‘सूर्योदय प्रकाशन’बाट म आफैँले निकालेँ। बालसाहित्य प्रकाशनको क्षेत्रमा मेरा ती पहिला पाइलाहरू थिए।

त्यसपछि बालपत्रिका प्रकाशनका लागि म साथीहरू खोज्दै हिडेँ। धेरै साथीहरू ‘काम त राम्रो हो तर...’ भन्दै पन्छिनुभयो। त्यसै क्रममा वि.सं. २०३७ सालमा मित्र जनकप्रसाद हुमागाइँ र गोपालराज मैनालीसित भेट भयो र मेरो प्रस्ताव सुनेर उहाँहरू खूब उत्साहित हुनुभयो। यसरी उहाँहरू समेत भई मैले ‘बालपोष’ निकालेँ तर ६ अङ्कपछि त्यो निस्कन सकेन। त्यसपछि आफू एक्लैले केही साथीहरूको सहयोग लिएर ‘बालकोसेली’ निकाल्न थालेँ र अन्य पुस्तकहरू पनि प्रकाशन गर्न सुरु गरेँ।

बालसाहित्य मार्फत् नयाँ पुस्ताको सर्वाङ्गीण विकास अर्थात् त्यस पुस्तालाई स्वस्थ, सचेत र सक्षम हुने गरी हुर्काउने अभियानमा एक्लैले केही पनि गर्न सकिन्न भन्ने कुरा काम गर्दै जाँदा मलाई अझ प्रस्ट हुँदै गयो। तर हार नमानेर म पुरानो पुस्ताका आदरणीय युद्धप्रसाद मिश्रदेखि इतिहासकार दिनेशराज पन्त, मित्र खगेन्द्र संग्रौला, मित्र शारदारमण नेपाल, डा. हिरामन प्रधान, मित्र बलराम 'श्रमजीवी', ई. सोहनलाल रन्जितकारका साथै चित्रकार कुलमानसिंह भण्डारी, पुष्परत्न शाक्य, मिलन शाक्य, के. के. कर्माचार्य लगायत धेरै विधाका धेरै लेखकहरू, चित्राङ्कनकर्ताहरू, सङ्गीतकारहरूसित गुहार माग्दै उहाँहरूको समेत सहयोग पाएर अघि बढ्न सकेँ र अघि सर्दै रहेँ। राज्यले हुर्काउने जिम्मा नलिएका र बा-आमाले समेत 'भुरा, मुला' भनी (हेला गरी) हुर्काएका बालबालिकाहरूको धरालो हुनु, त्यो पनि आफूखुसी धरालो हुनु, त्यतिबेला आजको जस्तो मर्यादापूर्ण काम पटक्कै थिएन तर बालबालिकाहरूबाट त्यति बेलै पाएको उहाँहरूको ममतापूर्ण चासो र मायाको भने म बयानै गर्न सक्तिनँ। वास्तवमा मेरो विचारमा मैले लिएको यो काम 'निःशर्त, निःस्वार्थ र निःशुल्क' गर्छु भनी आफैले थालेको काम हो र बालबालिकाका लागि काम गरेकै कारणले म देशका पूर्व र पश्चिमका धेरै जिल्लाहरूमा पुगेर आफ्नो देश आफ्नै आँखाले देख्न पाएँ, सिक्न

पाएँ। मलाई लाग्छ उहाँहरूको निकट रहेर केही गर्ने अवसर पाएकै कारणले आज मैले कहिल्यै नचिताएको ऊर्जा पाइरहेको छु। यस बाहेक 'बालकोसेली'ले कथालेखन–कार्यशालाहरू चलाउँदा मैले धेरै बालबालिकाहरूसित मिलेर काम गर्ने अवसर पाएको थिएँ। त्यसबेलाका ती कार्यशालाहरूमा सहभागी हुनुभएका मेरा साथीहरू अहिले आ–आफ्ना क्षेत्रमा राम्ररी काम गरिरहनुभएको देख्न पाउँदा गर्वको अनुभव गर्ने गर्छु। आजसम्ममा मैले धेरै सङ्घ संस्थाहरू र व्यक्तिहरूबाट ढाडस पाएको छु र ती सबैका लागि पनि म उहाँहरूप्रति कृतज्ञता व्यक्त गर्दछु।

आज बालबालिकाहरूको यस क्षेत्रमा धेरै साथीहरू लाग्नुभएको छ त्यसैले यसको भविष्य उज्ज्वल छ। मलाई विश्वास छ, बालबालिकाहरूको क्षेत्रमा लागिरहेका हामीहरू 'आफ्ना नानीहरूबारे आमाहरू जत्तिकै चिन्तित तर हुनसम्मको आशावादी' भएर लागिरहने छौँ। त्यसैले यो क्षेत्र उज्ज्वल छ!

अन्त्यमा, मदन पुरस्कार गुठीले 'जगदम्बा–श्री' पुरस्कारद्वारा हौसला प्रदान गरेकोमा कृतज्ञता प्रकट गर्दै आफ्नो छोटो मन्तव्य टुङ्ग्याउने अनुमति माग्दछु।

# मदन पुरस्कारबाट सम्मानित श्री नीलम कार्की निहारिकाज्यूको उद्गार

**यस गरिमामय सभाका समादरणीय सभाध्यक्षज्यू!**
**मदन पुरस्कार पुस्तकालय गुठीका सम्पूर्ण परिवार !!**
**जगदम्बा-श्री सम्मानबाट सम्मानित मेरा अग्रज शान्तदास मानन्धरज्यू!!!**
**निमन्त्रणा स्वीकार गरी पाल्नुभएका विशिष्ट मान्यवरप्रति म हार्दिक नमन गर्दछु ।**

– योगमाया उपन्यासलाई सम्मानित मदन पुरस्कारबाट सुशोभित गर्न उचित ठहर्याउनु भएकोमा म निर्णायक मण्डल र मदन पुरस्कार गुठीप्रति सर्वप्रथम अन्तर हृदयबाट आभार व्यक्त गर्दछु।

-यस समारोहको यस स्थानमा उभिइरहँदा कता–कता डर लागिरहेको आभास भएको छ। अनि थप जिम्मेवारी बोध पनि भएको छ।

- मैले आजसम्म महसुस गरेका अति सुखद संयोगका गन्तीमा पर्न आउँछ यो परिवेश तर यतिबेला केही अभाव खड्किएको महसुस भएको छ र अपूर्ण लाग्दै छ खुशी पनि।

-स्थान उही, स्वरूप दुरूस्तै, छ त केवल पृथक् समय! मदन पुरस्कार पुस्तकालयका मात्र होइन सिङ्गो नेपाली वाङ्मयका अमिट इतिहास अग्रज व्यक्तित्व कमल दीक्षितप्रति स-सम्मान शब्द-पुष्प अर्पण गर्दछु।

– यसै परिवेशमा म स्मरण गर्न चाहन्छु– मेरा गुरु दाहाल यज्ञनिधिलाई। म सानै छँदा गाउँमा रहँदादेखि नै रेडियो नेपालमा दाहाल यज्ञनिधिले सञ्चालन गर्दै आउनु भएको 'साहित्य संसार' कार्यक्रमको नियमित श्रोता थिएँ। मेरो सौभाग्य पछि त्यही कार्यक्रममा आबद्ध भै उहाँसँगै आवाज मिसाएर कार्यक्रम सञ्चालनको सुवर्ण अवसर प्राप्त भयो। चाहे सञ्चारमा होस् या साहित्य क्षेत्रमा उहाँबाट मैले निकै ज्ञान आर्जन गर्ने अवसर पाएँ। 'योगमाया' उपन्यास लेखन सन्दर्भको चर्चा गर्दा मेरा गुरु दाहाल यज्ञनिधिले मलाई गृहकार्यको निम्ति अलि कठिन पाठ सुझाउनु भएको थियो। मैले सहर्ष स्वीकारी ईमान्दारीपूर्वक खोज अनुसन्धान गरी गृहकार्य पूर्ण गरी उक्त पाठ बुझाएँ।

मैले लेखिसकेको अवगत गराउँदा उहाँ अति नै हर्षित हुनुभएको थियो; मेरो दुर्भाग्य जब मदन पुरस्कार घोषणा भयो, मेरो गुरु भने यस दुनियाँमा रहनु भएन। यस विशिष्ट समारोहमा आज योगमाया सम्मानित हुँदा, मेरो गुरु नहुनुको पीडा म भित्र दुखिरहेको छ।

– त्यस्तै म हरपल स्मरण गरिरहेछु २०५६ पुस एक गतेको एक सडक दुर्घटनाले एकसाथ मबाट खोसेर लगेको र मैले कहिल्यै नाम अघिल्तिर 'स्वर्गीय' जोड्न नसक्ने मेरो मित्रजस्ता दाजु डा. देवेन्द्र कार्की, बुबा भद्रबहादुर कार्की र भाउजू कौशिल्या देवीलाई। म भाग्यशाली भएको भए आज उहाँहरूलाई यहीँ सभाकक्षको कुनै आसनमा अति प्रसन्न मुद्रामा बसिरहेको पाउने थिएँ।

– मेरी पूजनीय आमा जसले म नबोली, मेरा सारा इच्छा–आकाङ्क्षा बुझिदिनु हुन्छ। मेरा मनका भाव अनुभूति गर्नु हुन्छ। हुन त संसारका सबै आमा यस्तै महान हुन्छन् भन्ने मेरो ठम्याई छ। त्यसैले 'आमा' शब्दप्रति नै मेरो सबैभन्दा गहिरो प्रेम र सम्मान छ। म अवगत गराउन चाहन्छु– मेरी आमाले साहित्य सिर्जनाको लागि सधैं उत्प्रेरित गर्नुभयो। प्रथम उपन्यास प्रकाशन गर्ने मेरो मनको हुटहुटी पूरा गरिदिनको लागि वर्षौं अध्यापन गरी जम्मा पारेको आफ्नो सञ्चय कोषको रकम निकालेर बुबालाई समेत जानकारी नदिई मेरो हातमा

राखिदिनु भयो। त्यसलाई गुण सम्झौं भने तमाम आमाको अथाह स्नेहप्रतिको अवमूल्यन हुन जान्छ। आमाबुवा सन्तानलाई गुण लाउँदैनन्, सदा सर्वदा निशर्त, निस्वार्थ प्रेम वर्षा गरिरहन्छन्। सम्पूर्ण आमाबुबाप्रति कोटी–कोटी प्रणाम!

– दुईवर्ष अघिसम्म मेरी आमाले मेरा हरेक रचना पढ्न सक्नु हुन्थ्यो। मेरो अर्को दुर्भाग्य, अहिले उहाँका आँखा बैरी भइदियो। उहाँले पढ्न त टाढाको कुरा आफैंले जन्माएको सन्तानसम्म देख्न सक्नु हुन्न। स्पर्श गर्नुहुन्छ। बोली सुनेर ठम्याउनुहुन्छ। अनि मलाई लेखनमा मार्गनिर्देश गर्न चुक्नुहुन्न।

– पुरुषको सफलतामा जसरी नारीको हात रहन्छ त्यसरी नै नारीको सफलतामा पनि पुरुषको हात रहन्छ, त्यो सामाजिक सत्यलाई कहिलेकाहीँ स्वीकार गरिंदैन या व्यक्त गरिन्न तर म सहर्ष भन्न चाहन्छु– मेरो यो यात्रामा पक्कै पुरुषको पनि हर्दम दह्रो साथ रहेको छ। स्मरण गर्न चाहन्छु, म लडेको बेला मलाई उठाउने हात पुरुषको थियो। आज पर्यन्त त्यो हात मेरो निम्ति दह्रो भरोसा र हिम्मत बनेर रहेको छ। आजको यो अति सुखद पलमा उहाँ उपस्थित हुन असमर्थ रहनु भयो तर मेरा मान्यवरहरूलाई साक्षी राखेर औपचारिक रूपमा म

उहाँप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु। स-धन्यवाद डा. भास्कर कुवँरज्यू!

– लामो समय हजुरवाणीका श्लोक बनेर रहिन् योगमाया! एकादेशको कथा जस्तो भएर पनि रहिन् योगमाया। शासन सत्ताको भयङ्कर भय र त्रासको बीचमा पनि हृदयमा जोगाई राखे योगमायालाई उनका अनुयायीले। सम्पूर्ण अनुयायी प्रति पनि नमन। जनकलाल शर्मा, ज्ञानमणि नेपाल, डम्मर बहादुर बस्नेत, बर्बरा निम्री अजिज, पारिजात, उत्तम प्रसाद पन्त, मातृका तिमिल्सिना, लेखनाथ भण्डारी....हुँदै डा. गोबिन्दमान सिंह कार्की, पवन आलोक, डा. दीपेश नेउपाने, मोहन बस्नेत, भरत बस्नेत लगायत अन्य केही शुभचिन्तकका व्यक्तिगत र संस्थागत सत् प्रयासबाट योगमायालाई उर्लंदो अरुणबाट पुस्तकका पानाहरू मार्फत् आम मानिसका घर–घर र आज सिंहदरबारसम्म पुर्याउने भूमिका निर्वाह भयो। सबै–सबैलाई साधुवाद छ। जनताको इतिहासलाई उत्खनन गर्ने दायित्य यस्तै कलमको हो।

**सम्बोधन योगमायाको नाममा -**

प्रिय ‘योगमाया!

तिमीबारे जान्न बुझ्न म अल्पज्ञानीलाई यति लामो समय प्रतीक्षा गर्नु परेछ। यसको लागि धिक्कारूँ कसलाई? त्यो जहानियाँ शासनको समयमा क्रान्तिको ज्वाला बनेर निस्किएर, हजुरवाणी बनेर घन्किएकी तिमी किन प्रजातन्त्र स्थापना पश्चात् पनि यतिका समय गुमनाम जस्तै हुनु पर्यो? तिम्रो समाज सुधारको अग्रणी कदमलाई इतिहासको पैतालामुनि किन दबाई राखियो? घामको सुनौलो किरणले छोइरहँदा पनि, न उज्यालो न त न्यानो नै! अनि कहाँनेर रह्यो बाँच्नुको अस्तित्वबोध?

लेखनको क्रममा तथ्यहरू उद्घाटित हुँदा भित्र–भित्र आन्दोलित भएँ कति कति। रन्थनिएँ पनि! तिमीसँगको मन्थनमा कैयन् रात छयाङ्ग बिते। सौभाग्य, म पनि केही योगमाया बाँचें। अहोभाग्य-निकै शक्तिशाली अनुभूति बाँचें। अनि तिमीबाट अगल भै छुट्टिन निकै समय पनि लाग्यो।

योगमाया मेरो विमति छ, तिमीलाई नारी मुक्तिसँग मात्र जोडेर हेरिन्छ भने किमार्थ सह्य हुँदैन मलाई। त्यहाँनेर फेरि तिमीमाथि हामीबाट

ठुलो अन्याय हुन जान्छ। आफ्नो ज्यानको पर्वाह नगरी सम्पूर्ण समाज सुधारको निम्ति अग्रणी भूमिकामा थियौ नि तिमी! भन्ने गर्थ्यौं –

मार्छन् कि भन्ने डर छैन केही
आखिर काल गतिको छ भिरेको देही

अनि अर्को परिचय हाम्री अग्रणी कवि पनि हौ तिमी योगमाया! तिम्रा पङ्क्तिहरू स्मरण भइरहन्छन्। कति सरल र सन्त थियौ है तिमी?

कर्कलो र निगुरो सिस्नाहरूका मुन्टा।
दुखीजनले खानु सुत्नु आनन्दीका गुन्टा।
महाजनका सम्पत्तिले चित्त पोल्दै ल्याउँछ।
मनमा सन्तोस नहुँदा गुन्टा बिझाउँछ।

योगमाया तिम्रो जीवनका केही पाटा, तिमी र तिम्रा अनुयायीले दिएको महान् योगदानलाई मैले लिपिबद्ध गर्ने प्रयास गरें। योगमाया शीर्षकमा पुस्तकको स्वरूप पनि दिएँ। सहर्ष जानकारी गराउन चाहन्छु। तिम्रो सुनौलो नाम अंकित ‘योगमाया’ ले प्रथमतः पाठकको स्नेह प्राप्त गर्यो, अनि नेपाली साहित्य जगत्को अति नै गर्विलो पुरस्कार- मदन पुरस्कारबाट पनि आज पुरस्कृत हुन सफल भएको छ।

तिमी बाँचेको परिवेश, तिमीले काटेको कहर, तिम्रो साहस र योगदानलाई स-सम्मान समाजमा परिचित गराउने सानो प्रसाय मात्र गरेकी हुँ। हृदयको आवाज सुन्दै, माटो टेकेर बोल्नु पर्छ। म भनिरहन्छु- यतिले मात्र पनि तिम्रो पूर्ण सम्मान हुन सक्दैन।

राणा शासनको अन्त्य मात्र पनि तिम्रो चाहना थिएन। धर्मराज्य स्थापनाको भिक्षापत्र बोकेर निर्धक्क तिमी शासक रहने राजधानीको ढोकासमेत ढक्–ढकाउन पुगेकी थियौ। धर्मराज्यको निम्ति तिमी लगायत ६७ अनुयायीले प्राणको आहुति दियौ। जब तिमीले परिकल्पना गरेको धर्मराज्य अर्थात् सुशासन स्थापना हुनेछ, तब मात्र हुनेछ तिम्रो महान् युद्धको विश्राम र तिम्रो सच्चा सम्मान।

तिम्रो बारेमा सोधीखोजी गर्दै जाँदा सामाजिक परिवर्तनको तिम्रो आन्दोलनमा साथ दिने, जेल–नेल भोग्ने, तिमीसँगै समाधि लिने तिम्रा अनुयायीका परिवारबाट मलाई नि:शर्त सहयोग प्राप्त भयो। उहाँहरू प्रति म अति नै कृतज्ञ छु। तिमी बाँचेकी रहिछौ ती हृदयहरूमा। अवगत गराउँदा हर्ष लागिरहेछ योगमाया, तिमीप्रति कति उच्च सम्मान! क्षितिज जस्तो कति फराकिलो माया! योगमाया मेरो हार्दिक कामना छ तिमीलाई सारा दुनियाँले पनि बुझिदेओस्। हृदयङ्गम गरिदेओस्।

अन्त्यमा,

– दिदी आरती, दाजु चण्डी अर्याल र बिमल भौंकाजी लगायत घर, देश-प्रदेशबाट सर्वथा साथ र हौसला प्रदान गर्दै आउनु एका दिदीबहिनी, दाजुभाइ, बुबा-आमा इष्टमित्र सम्पूर्णप्रति आभार अर्पण गर्न चाहन्छु।

- त्यस्तै पुस्तक प्रकाशनको जिम्मेवारी बहन मात्र होइन अनुसन्धानको लागि समेत साथ दिने साङ्ग्रिला प्रकाशनका प्रबन्ध निर्देशक मणि शर्मा र योगमायाको बारेमा सर्वप्रथम जानकारी दिने भाइ केशवराज ज्ञवालीलाई स–धन्यवाद स्मरण गर्छु।

– साहित्य साधना, सर्जक र सिर्जनालाई सम्मान गर्ने परम्पराको प्रारम्भ गर्नु भएकोमा मदन पुरस्कार गुठीको संस्थापकमा म लगायत समस्त सर्जकका तर्फबाट एकमुष्ट आभार व्यक्त गर्दछु।

– म पनि साहित्यको एक साधक हुँ। अटल विश्वास छ आफैँसँग, आजन्म साधना गरिरहने छु। मान्यवरको आशीर्वाद, मित्रहरूको साथ र प्रिय पाठकहरूको स्नेह यसरी नै निरन्तर मिलिरहोस्, बडा दशैँको संघारमा श्री दुर्गा भवानीसँग यही मंगलमय कामना छ।

# सदस्य सचिवका तर्फबाट धन्यवाद ज्ञापन

**गुठीका अध्यक्षज्यू, डा. तीर्थबहादुर श्रेष्ठज्यू, शान्तदास मानन्धरज्यू, नीलम कार्की निहारिकाज्यू तथा उपस्थित भद्र महिला तथा सज्जन वृन्द।**

नेपाली भाषा, साहित्य, कला-संस्कृतिलाई माया गर्ने समग्र विद्वद् समाजप्रति हार्दिक आभार। यहाँहरूको उपस्थितिले हाम्रो हौसला बढाएको छ। यहाँहरू सबैलाई हार्दिक धन्यवाद।

हामी सबैको साझा चासो, चिन्ता र सरोकार 'प्रकृति'का विविध पक्षहरूमाथि प्राज्ञिक चिन्तन गर्नुहुने डा. तीर्थबहादुर श्रेष्ठज्यू; यस समसामयिक व्याख्यानका निम्ति यहाँलाई हार्दिक धन्यवाद।

आदरणीय शान्तदास मानन्धरज्यू, मानव जीवनको सबैभन्दा ऊर्जामय, सृजनात्मक र नयाँ कुरा सिक्नका लागि सदैव तत्पर रहने बालबालिकाहरूका विषयमा यहाँको चिन्ता, चासो र सोही पुस्ताका निम्ति यहाँको समर्पण हामी सबैका लागि प्रेरणा हो। यहाँको योगदान

र सकृयताको महत्त्व वर्तमानमा आमा-बाबु र आगामी दिनमा छोरा-छोरी पुस्ताले अझ धेरै बुझ्नेछन्, सम्झनेछन्। समारोहमा यहाँलाई सम्मान गर्न पाएकोमा हामी हर्षित छौं। यहाँलाई धेरै-धेरै धन्यवाद।

नीलम कार्की निहारिकाज्यू, ऐतिहासिक पात्र, विषयवस्तु र घटनालाई आख्यानका माध्यमबाट धेरै भन्दा धेरै नेपाली पाठकहरू समक्ष पुर्याइदिनु भयो। विगतमा भएका तर वर्तमानमा 'बिर्सिए जस्ता' लाग्ने यस्ता कथाहरू आइरहून्। यहाँलाई पनि हाम्रो तर्फबाट धेरै-धेरै धन्यवाद।

यस समारोह व्यवस्थापनका सम्पूर्ण जिम्मेवारी लिइदिनु हुने रातो बङ्गला स्कूललाई विशेष धन्यवाद। समारोहलाई विशेष बनाउन सघाउने जगदम्बा प्रेस र मदन पुरस्कार पुस्तकालयलाई पनि हार्दिक धन्यवाद। कार्यक्रम सञ्चालनका निम्ति सुधा ओझा र यहाँ पाल्नुहुने यहाँहरू सबैलाई हृदयदेखि आभार, धन्यवाद।

सबैको जय होस्।

## मदन पुरस्कार गुठीबारे केही तथ्यहरू

१. मदन पुरस्कार स्थापना हुने घोषणा सर्वप्रथम २०१२ साल असोज १० गते भएको थियो।

२. २०१२ साल मङ्सिर २८ गतेका दिन मदन पुरस्कार गुठीको दानपत्रमा सहिछाप भयो। त्यसपछि पुस १ गतेका दिन ल.पु. पोता रजिस्ट्रेसन अड्डामार्फत सो कागत रजिस्ट्रेसन पास भएको हो।

३. पछि संस्था रजिस्ट्रेसन ऐन, २०१६ बमोजिम २०२० साल कार्तिक ३ गते ललितपुर म्याजिस्ट्रेट अफिस मार्फत यो दर्ता भएको छ र ल.पु. जिल्ला कार्यालयबाट पुनर्नवीकरण हुँदै आएको छ।

४. २०२५ सालसम्म गुठीले चार–चार हजारका जम्मा चार ओटा पुरस्कार प्रत्येक वर्ष दिन सक्ने व्यवस्था थियो। त्यसपछि दस–दस हजार रुपियाँका दुई ओटा पुरस्कार दिने व्यवस्था भयो। अनि २०३३ सालदेखि एउटा मात्र पच्चीस हजारको, २०४० सालदेखि तीस हजारको, २०४२ सालदेखि चालीस हजारको र २०४३ सालदेखि पुरस्कार

पचास हजारको भयो। त्यसपछि २०५१ सालदेखि पुरस्कार १ लाखको दिने गरी नियममा संशोधन गरिएको हो। २०६१ सालको पुरस्कारदेखि भने पुरस्कारको राशी २ लाख रुपियाँको गराइएको छ।

५. गुठीको मूलधन हाल रु. ३५ लाखको छ। रकम लगानी भई त्यसबाट प्राप्त हुने ब्याजबाट मात्र गुठीले काम चलाउनुपर्छ। मूलधन खर्च गर्ने अधिकार गुठीलाई छैन। खर्चलाई धान्ने रकम नपुगेमा चाहिँ त्यसको बन्दोबस्त अध्यक्षबाट हुँदै आएको छ तर केही वर्षदेखि भने जगदम्बा–श्रीको पुरस्कार–राशी जगदम्बा प्रेसले जुटाइदिने भएको छ।

६. मदन पुरस्कार सम्बन्धी कार्यप्रणालीमा “एकपटक मदन पुरस्कार पाइसकेका व्यक्तिलाई साधारणतः अर्कोपटक पुरस्कार दिइने छैन” भन्ने धारा थपिएको छ।

# संवत् २०१३ देखि मदन पुरस्कारबाट सम्मानित हुनेहरूको सूची [१]

(१) २०१३

गद्य–* 'हाम्रो लोक संस्कृति' श्री सत्यमोहन जोशी

सामाजिक शास्त्र– 'जनरल भीमसेन थापा' श्री चित्तरञ्जन नेपाली

विज्ञान– *'अधिकविभव स्थिरविद्युत् उत्पादक' डा. बलराम जोशी

(२) २०१४

गद्य– *'मन' श्री लीलाध्वज थापा

विज्ञान– *'मृत्तिका उद्योग' श्री करुणाकर वैद्य

(३) २०१५

गद्य– 'कवि व्यथित र काव्यसाधना' श्री कृष्णचन्द्रसिंह प्रधान

विज्ञान– *'उद्यान' श्री गंगाविक्रम सिजापति

(४) २०१६

गद्य– *'महाकवि देवकोटा' श्री नित्यराज पाण्डे

(५) २०१७

पद्य– *'विस्फोट' श्री भीमनिधि तिवारी

सामाजिक शास्त्र– *'नेपाली राष्ट्रिय मुद्रा' श्री सत्यमोहन जोशी

---

[१] *अमुद्रित अवस्थामा पुरस्कृत।

(६) २०१८

गद्य– *'नयाँ सडकको गीत' श्री रमेश 'विकल'

(७) २०१९

पद्य– *'आमाको सपना' श्री गोपालप्रसाद रिमाल

(८) २०२०

पद्य– 'नैषधीय चरित' अनु. श्री कोमलनाथ अधिकारी

सामाजिक शास्त्र – 'जोसमनी सन्त परम्परा र साहित्य' श्री जनकलाल शर्मा

(९) २०२१

गद्य– 'नेपाली भाषा र साहित्य' श्री बालकृष्ण पोखरेल

पद्य– 'प्राकृत पोखरा' श्री मुकुन्दशरण उपाध्याय

सामाजिक शास्त्र– ८'प्राचीन हिन्दु अर्थशास्त्र' श्री नवराज चालिसे

विज्ञान– * 'वस्त्र–निर्माणकला' श्री लक्ष्मीबहादुर श्रेष्ठ

(१०) २०२२

गद्य– 'शिरीषको फूल' सुश्री पारिजात

(११) २०२३

गद्य– 'स्रष्टा र साहित्य' श्री उत्तम कुँवर

पद्य– 'मानव महाकाव्य' श्री मोदनाथ 'प्रश्रित'

(१२) २०२४

गद्य– 'एब्स्ट्र्याक्ट चिन्तन प्याज' श्री शंकर लामिछाने

सा. शास्त्र– 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास'
श्री ग्रीष्मबहादुर देवकोटा

(१३) २०२५

गद्य– 'टिपन–टापन' श्री पारसमणि प्रधान

पद्य– 'मङ्गली कुसुम' श्री धर्मराज थापा

(१४) २०२६

साहित्य– 'बेलाइततिर बरालिंदा' श्री ताना सर्मा

(१५) २०२७

दर्शन÷विज्ञान– 'नेपाली निर्वचनको रूपरेखा' श्री महानन्द सापकोटा

(१६) २०२८

दर्शन÷विज्ञान – 'कर्णाली लोक संस्कृति'

संयुक्त रूपमा– श्री सत्यमोहन जोशी, श्री स्थिरजङ्गबहादुर सिंह,
श्री विहारीकृष्ण श्रेष्ठ, श्री चूडामणि 'बन्धु' र श्री प्रदीप रिमाल

(१७) २०२९

साहित्य – 'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्' श्री ईश्वरवल्लभ

(१८) २०३०
दर्शन-विज्ञान – 'लिच्छविकालका अभिलेख'     श्री धनवज्र वज्राचार्य
(१९) २०३१     (कसैलाई पनि प्रदान गरिएन।)

(२०) २०३२
साहित्य – 'आगत'     श्री भवानी भिक्षु

(२१) २०३३     (कसैलाई पनि प्रदान गरिएन।)

(२२) २०३४
'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन'
डा. वासुदेव त्रिपाठी

(२३) २०३५
'घामका पाइलाहरू'     श्री ध.च. गोतामे

(२४) २०३६
'नेपालका परम्परागत प्रविधि'
डा. छविलाल गजुरेल + श्री करुणाकार वैद्य

(२५) २०३७
'नरसिंह अवतार'     श्री जगदीशशमशेर राणा

(२६) २०३८

‘नदी किनाराका माझी’ श्री मोहन कोइराला

(२७) २०३९

‘माधवी’ श्री मदनमणि दीक्षित

(२८) २०४०

‘अलिखित’ श्री ध्रुवचन्द्र गौतम

(२९) २०४१

‘प्रत्यागमन’ श्री कञ्चन पुडासैनी

(३०) २०४२

‘वैकुण्ठ एक्सप्रेस’ – श्री मोहनराज शर्मा

(३१) २०४३

‘लिच्छवि संवत्‌को निर्णय’ श्री नयराज पन्त

(३२) २०४४

‘उत्सर्ग प्रेम’ श्री राजेश्वर देवकोटा

(३३) २०४५

‘ज्योति, ज्योति, महाज्योति’ श्री दौलतविक्रम विष्ट

(३४) २०४६

'नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषद्को भूमिका'

श्री राजेश गौतम

(३५) २०४७

'मृत्युञ्जय महाकाव्य' श्री भानुभक्त पोखरेल

(३६) २०४८

'पागलबस्ती' श्री सरूभक्त

(३७) २०४९

'पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन (वि.सं. २००७)'

श्री भवेश्वर पंगेनी

(३८) २०५०

'माध्यमिक नेपाली गद्याख्यान' श्री शरदचन्द्र शर्मा भट्टराई

(३९) २०५१

'सही शब्द' फादर विलियम बर्क

(४०) २०५२

'योजनगन्धा' श्री विनोदप्रसाद धिताल

(४१) २०५३

'नेपाली राष्ट्रिय झन्डा' श्री दयाराम श्रेष्ठ

(४२) २०५४

'विसर्जन' कथा सङ्ग्रह श्री लोकेन्द्रबहादुर चन्द

(४३) २०५५

'दुःखान्त नाटकको सृजना परम्परा' डा. केशवप्रसाद उपाध्याय

(४४) २०५६

'अतिरिक्त अभिलेख' श्री दिनेश अधिकारी

(४५) २०५७

'नेपालको सिमाना' श्री बुद्धिनारायण श्रेष्ठ

(४६) २०५८

'अभिनव संस्कृति कोष' श्री हरिराम जोशी

(४७) २०५९

'नेपाली कानूनको ऐतिहासिक रूपरेखा' श्री रेवतीरमण खनाल

(४८) २०६०

'नयाँ ईश्वरको घोषणा' श्री गोपाल पराजुली

(४९) २०६१

‘पल्पसा क्याफे’ श्री नारायण वाग्ले

(५०) २०६२

‘राधा’ श्री कृष्ण धरावासी

(५१) २०६३

‘छापामारको छोरो’ श्री महेशविक्रम शाह

(५२) २०६४

‘अन्तर्मनको यात्रा’ श्री जगदीश घिमिरे

(५३) २०६५

‘एक हातको ताली’ श्री युवराज नयाँघरे

(५४) २०६६

‘नेपालका बालीनाली र तिनको दिगो खेती’ श्री नरबहादुर साउद

(५५) २०६७

‘जीवन काँडा कि फूल’ श्री झमक घिमिरे

(५६) २०६८

‘सेतो धरती’ श्री अमर न्यौपाने

(५७) २०६९

‘दमिनी भीर’ श्री राजन मुकारुङ

(५८) २०७०

‘खलंगामा हमला’ श्री राधा पौडेल

(५९) २०७१

‘खुशी’ श्री विजय कुमार

(६०) २०७२

‘ऐना’ श्री  रामलाल जोशी

(६१) २०७३

‘धृतराष्ट्र’ श्री घनश्याम कँडेल

(६२) २०७४

‘योगमाया’ श्री नीलम कार्की निहारिका

७. कुनै साल पुरस्कार वितरण हुन नसकेमा त्यसको रकमबाट विद्वद्वृत्ति दिने पनि नियम छ। आजसम्म निम्न चार जनालाई मदन पुरस्कार विद्वद्वृत्ति प्रदान गरिएको छ–

१. श्री चूडामणि बन्धु – २०२०
२. श्री राममणि रिसाल – २०२३/२४
३. श्री कोमलप्रसाद सुवेदी – २०२५
४. श्री जयराज आचार्य– २०३५/३६

८. श्री कमलमणि दीक्षितको सम्पादनमा गुठीको मुखपत्र त्रैमासिक 'नेपाली' गुठीका समाचार तथा अरू लेख–निबन्धहरू लिएर २०१६ सालदेखि नियमित रूपले प्रकाशित भइरहेको छ।

९. प्रत्येक वर्ष कलकत्तामा डाक्टरी पढ्न जाने दुई विद्यार्थीको छनोट गर्ने काम पनि गुठीले संवत् २०१३–१४ सालदेखि गर्दै आएको छ।

१०. २०४५ सालमा गुठीले छुट्टै पुरस्कार 'जगदम्बा–श्री'को पनि स्थापना गरेको छ।

११. २०६१ साल मङ्सिर २८ गते प्रारम्भ गरेर २०६२ साल मङ्सिर २७ गतेसम्म गुठीको स्वर्णवर्ष विभिन्न कार्यक्रम गरी मनाइयो।

# पुरस्कार जगदम्बा–श्री: सामान्य जानकारी

१. आफ्ना संस्थापिका स्व. रानी जगदम्बाकुमारी देवीको स्मृति चिरस्थायी राख्ने उद्देश्यले गुठीले यो पुरस्कार, जगदम्बा–श्री स्थापना गरेको हो।

२. गुठीको साधारण सभाद्वारा स्व. रानी जगदम्बाको पैंतालीस दिनको अवसरमा मिति २०४५/६/१/२ का दिन यो पुरस्कार विधिवत् स्थापना भएको हो।

३. यो पुरस्कार मदन पुरस्कार सरह अर्थात् (हाललाई) रु. २,००,०००।– को छ।

४. यो पुरस्कार कसरी, कसलाई, कुन प्रक्रियाले दिनु उचित हुन्छ भनी नेपाली बुद्धिजीवीहरूलाई पत्रपत्रिका र नेपाल टेलिभिजनबाट पनि आह्वान गरी सुझाव मागिएको थियो र ती सबै प्राप्त राय सुझावहरूको यथोचित कदर गर्दै गुठीले छलफल गरी मिति २०४५।१२।३०।४ का दिन 'जगदम्बा–श्री' सम्बन्धी नियमहरू पारित गर्‍यो। यी नियमहरूको मसौदा गर्ने काम पनि, 'मदन पुरस्कार' स्थापना हुँदा संवत् २०१२ सालमा गुठीको दानपत्र–नियमावलीहरू सबै तर्जुमा गर्ने, श्री शम्भुप्रसाद ज्ञवालीद्वारा नै भएको हो।

५. ‘जगदम्बा–श्री’ वितरण गर्नेबारेको कार्य–प्रणाली मदन पुरस्कार गुठीको नियमावलीको परिच्छेद ५–क अन्तर्गत नियम ३६ को उप–नियम (क) देखि (ज) सम्ममा परेका छन्। त्यस बाहेक मदन पुरस्कार गुठीको ज्ञापनपत्रको दफा २ (उद्देश्य) अन्तर्गत पनि निम्नअनुसार एउटा उपदफा थपिएको छ:–

“श्रव्य, दृश्य वा अरू किसिमका कृतित्त्वहरूबाट नेपाली वाङ्मयको श्रीवृद्धिमा उल्लेख्य योगदान गर्ने व्यक्ति र शैक्षिक, सामाजिक वा सांस्कृतिक माध्यमबाट नेपाली भाषाको समुन्नतिमा उल्लेख्य योगदान गर्ने व्यक्तिहरू मध्येबाट वर्षैवर्ष छनोट गरी सम्मानयोग्य ठहरिएका व्यक्तिलाई मदन पुरस्कार संस्थापिका स्व. श्री रानी जगदम्बाकुमारी देवीको स्मृतिमा ‘जगदम्बा–श्री’ नामले मदन पुरस्कार सरहको अर्को पुरस्कार प्रदान गर्ने।”

६. जगदम्बा–श्री पुरस्कारका लागि नेपाली भाषाको सेवालाई नै एक मात्र आधार मानिएको छ। वर्ण, लिङ्ग, धर्म, जात वा जातीयताको कुनै बन्धन वा विशेष ग्राह्यता यसमा रहँदैन। मरणोपरान्त जगदम्बा–श्री पुरस्कार साधारणतया प्रदान गरिंदैन। प्रत्येक वर्ष गठन गरिने छनौट समितिले सङ्कलन गरेका नामावलीबाट छानी एकमतले सिफारिस गरेको व्यक्तिलाई यो पुरस्कार दिइन्छ।

# पुरस्कार जगदम्बा–श्री विवरण

१. संवत् २०४५ को पुरस्कार श्री नारायणगोपाललाई “तीन दशकभन्दा बढी समयदेखि सङ्गीतको माध्यमबाट नेपाली भाषाका गीतहरूलाई देश तथा विदेशमा समेत लोकप्रिय बनाउनमा उल्लेखनीय योगदान गरे बापत।”

२. संवत् २०४६ को पुरस्कार मह–जोडी (श्री मदनकृष्ण श्रेष्ठ र श्री हरिवंश आचार्यको जोडी) लाई “श्रव्य, दृश्य दुवै प्रकारले प्रहसनका माध्यमबाट नेपाली भाषालाई देश विदेशमा लोकप्रिय बनाउन प्रशंसनीय कार्य गरे बापत।”

३. संवत् २०४७ को पुरस्कार सिक्किमका श्री नरबहादुर भण्डारीलाई “नेपाल बाहिर नेपाली भाषा र साहित्यको समुन्नतिमा व्यक्तिगत तथा संस्थागत स्तरमा असाधारण योगदान गरे बापत।”

४. संवत् २०४८ सालको पुरस्कार कवि केदारमान व्यथितलाई “उत्कृष्ट काव्य कृतित्व र विभिन्न संस्थागत माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति आधा शताब्दीभन्दा बढी समयदेखि अनवरत रूपमा सृजनशील र क्रियाशील रही नेपाली भाषा र साहित्यको प्रतिष्ठा बढाए बापत।”

५. संवत् २०४९ को पुरस्कार नेपाली साहित्य सम्मेलन दार्जीलिङलाई "स्थापनाकाल विक्रम संवत् १९९१ देखि नै नेपाली भाषा र साहित्यको संरक्षण, प्रवर्द्धन र श्रीवृद्धिका निमित्त अनवरत क्रियाशील रही असाधारण संस्थागत योगदान गरे बापत।"

६. संवत् २०५० को पुरस्कार श्रीमती तारादेवीलाई "गत चारदशकदेखिको अथक साधनाद्वारा गायन कलामा उत्कृष्टता हासिल गरी नेपाली भाषालाई स्वदेशभित्र र बाहिर समेत सङ्गीतको मधुरिमाद्वारा लोकप्रिय बनाई नेपाली वाङ्मयको श्रीवृद्धि गर्नमा उल्लेखनीय योगदान गरिरहे बापत।"

७. संवत् २०५१ को पुरस्कार श्री इन्द्रबहादुर राईलाई "विगत ४५ वर्षदेखि नेपाली साहित्यका साधनामा निरन्तर संलग्न रही कथा, उपन्यास, निबन्ध र समालोचना आदि विविध विधामा नवीन प्रवृत्तिका उत्कृष्ट रचनाहरूद्वारा नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति अति विशिष्ट योगदान गरे बापत।"

८. संवत् २०५२ को पुरस्कार कोहिमा, नागाल्याण्ड, भारतका श्री हरिप्रसाद 'गोर्खा' राईलाई "विगत ६ दशकभन्दा बढी समयदेखि अविच्छिन्न रूपले नेपाली भाषा र साहित्यको संवर्द्धनका निमित्त विभिन्न माध्यमबाट उल्लेखनीय सेवा प्रदान गरिरहे बापत।"

९. संवत् २०५३ को पुरस्कार मोगोक, म्यान्मारका श्री ठाकुरप्रसाद गुरागाईंलाई "म्यानमारमा बसोबास गर्ने नेपाली मूलका बर्मेलीहरूका माझमा नेपाली भाषाको प्रचार–प्रसार र संवर्द्धनमा असाधारण योगदान गरी नेपाली भाषालाई जीवित राखेर यसको श्रीवृद्धि गर्नमा समर्पित भए बापत।"

१०. संवत् २०५४ को पुरस्कार गायक कलाकार श्री अम्बर गुरुङलाई "विगत चार दशक यता सङ्गीत–साधनामा निरन्तर लगनशील रही साङ्गीतिक माध्यमद्वारा नेपाली कला र संस्कृतिको उत्थानका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धि गर्न सशक्त योगदान गरे बापत।"

११. संवत् २०५५ को पुरस्कार वरिष्ठ साहित्यकार श्री गोविन्द–बहादुर मल्ल "गोठाले"लाई "नेपाली भाषा–साहित्यका विविध विधामा–खास गरेर कथा, नाटक र उपन्यासमा– गत पाँच दशकभन्दा बढी समयदेखि उच्च दर्जाका कृतिहरूको सिर्जना गरी नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत।"

१२. संवत् २०५६ को पुरस्कार नेपाली शिक्षा परिषद्लाई "भाषा र साहित्यतर्फ निरन्तर सक्रिय रही विभिन्न संस्थागत क्रियाकलापका माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत।"

१३. संवत् २०५७ को पुरस्कार जनकविकेशरी धर्मराज थापालाई “श्रव्य–पाठ्य विभिन्न माध्यमबाट आधा शताब्दीभन्दा लामो अवधिसम्म नेपाली भाषाको सेवा गरी नेपाली वाङ्मयको श्रीवृद्धिमा बहुमुखी विशिष्ट योगदान गरे बापत।”

१४. संवत् २०५८ को पुरस्कार डायमनशमशेर राणालाई “विगत आधा शताब्दिदेखि नेपाली साहित्यको आराधनामा संलग्न भई गद्याख्यानद्वारा उल्लेखनीय योगदान गरिरहे बापत।”

१५. संवत् २०५९ को पुरस्कार श्रीकृष्णप्रकाश श्रेष्ठलाई “नेपाली भाषाको सिर्जना, अनुसन्धान तथा प्रचार–प्रसारमा कष्टसाध्य रूपमा संलग्न भई चार दशकअघिदेखि नेपाली वाङ्मयको सेवामा समर्पित भइरहे बापत।”

१६. संवत् २०६० को पुरस्कार श्री अली मियाँलाई “विगत ६ दशकभन्दा बढी समयदेखि लोकगीत गायन र काव्यसृजनाद्वारा नेपाली लोकसंस्कृति तथा नेपाली भाषालाई समृद्ध तुल्याउन निस्पृह, निर्लिप्त र निरन्तर योगदान गरिरहे बापत।”

१७. संवत् २०६१ को पुरस्कार श्री फणीन्द्रराज खेतालालाई “आधा शताब्दीभन्दा अघिदेखि नेपाली भाषा शिक्षणका साथै अनवरत रूपमा साहित्यसेवामा लागी नेपाली भाषामा उल्लेख्य योगदान गरिरहे बापत।”

१८. संवत् २०६२ को पुरस्कार श्री भैरव रिसाललाई “गत आधा शताब्दीदेखि नेपाली छापादेखि विद्युतीय माध्यमसम्म पूर्ण रूपले संलग्न रही नेपाली पत्रकारितालाई संवर्द्धन गर्दै नेपाली भाषाको विकासमा अद्यापि उल्लेखनीय योगदान गरे बापत।”

१९. संवत् २०६३ को पुरस्कार डा. तीर्थबहादुर श्रेष्ठलाई “नेपालीहरूलाई विज्ञानको ज्ञान गराउने कार्यमा संलग्न भई दशकौंदेखि उत्कृष्टताका साथ नेपाली भाषाको सेवामा निरन्तर लागिरहे बापत।”

२०. संवत् २०६४ को पुरस्कार श्री कृष्णप्रसाद पराजुलीलाई “व्याकरण, गीत, कविता, बालसाहित्य तथा संस्कृति लगायत विविध विधामा अनेकानेक ग्रन्थको सिर्जना गरी नेपाली वाङ्मयको अतुलनीय तथा अनवरत भाषासेवा गरिरहे बापत।”

२१. संवत् २०६५ को पुरस्कार श्री रामशरण दर्नाललाई “लोकसङ्गीत र बाजाको सङ्कलन, अध्ययन अनुसन्धान तथा लेखनका माध्यमले गत ३ दशकदेखि अनवरत रूपमा कार्यरत रही नेपाली भाषाको श्रीवृद्धिमा योगदान गरिरहे बापत।”

२२. संवत् २०६६ को पुरस्कार डा. राजेन्द्र विमललाई “गत चार दशकदेखि मिथिला क्षेत्रमा मैथिली भाषी विद्यार्थीहरूलाई नेपाली भाषामा शिक्षित गराई विद्वान् बनाउने पुनीत कार्यका साथै नेपाली भाषामा

अनेकानेक ग्रन्थ रचना गरी नेपाली भाषा वाङ्मयलाई समृद्ध तुल्याउने काम समेत गरिरहे बापत।”

२३. संवत् २०६७ को पुरस्कार कवि श्री दुर्गालाल श्रेष्ठलाई “गत छ दशकदेखि आफ्नो मातृभाषा तथा नेपाली भाषामा अत्यन्त सुमधुर गीत, कविता, काव्य तथा बालसाहित्य लेखी नेपाली वाङ्ग्मयलाई समृद्ध तुल्याउने कार्य गरिरहे बापत।”

२४. संवत् २०६८ को पुरस्कार संशोधन मण्डललाई “गत छ दशकभन्दा बढी समयदेखि नेपाली इतिहास र संस्कृतिका अतिरिक्त ज्योतिष, गणित, व्याकरण र साहित्यका फाँटमा गुरुकुलीय संगठित र संस्थागत प्रयासबाट प्रामाणिक अनुसन्धान गरी तिनको प्रकाशन तथा प्रचारका लागि ‘पूर्णिमा’ पत्रिकाको निरन्तर प्रकाशन गरेर नेपाली वाङ्मयको सेवा र श्रीवृद्धिमा निरन्तर रूपले उल्लेखनीय योगदान गरिरहे बापत।”

२५. संवत् २०६९ को पुरस्कार श्री रत्नशमशेर थापालाई “गत पाँच दशकदेखि नेपाली गीत र कविता लेखनमा निरन्तर लागेर नेपाली भाषाको उन्नयन र श्रीवृद्धिमा उल्लेखनीय योगदान गरिरहे बापत।”

२६. संवत् २०७० को पुरस्कार श्री शिव रेग्मीलाई “साहित्यिक पत्रकारिताको अन्वेषण, पत्रपत्रिकाको संकलन, समीक्षा, समालोचना तथा लेखनद्वारा नेपाली भाषाको अविरल रूपमा सेवा गरिरहे बापत।”

२७. संवत् २०७१ को पुरस्कार श्रीमती अङ्गूरबाबा जोशीलाई “नेपालमा नारी शिक्षाको प्रचार प्रसार एवं प्रवर्द्धनका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धिमा निरन्तर दीर्घसाधना गरी उल्लेख्य योगदान पुर्याइरहे बापत।”

२८. संवत् २०७२ को पुरस्कार श्री लीलबहादुर क्षेत्रीलाई “६० वर्षभन्दा लामो समयदेखि नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि निरन्तर समर्पित रहनुभएकाले।”

२९. संवत् २०७३ सालको पुरस्कार श्री दुर्गा बराल “बात्स्यायन’लाई 'समसामयिक विषय र विसङ्गतिहरूलाई कार्टुन चित्रमा छोटो र प्रभावकारी भाषिक अभिव्यक्तिको प्रयोग गरी समाजमा सचेतना जगाउँदै निरन्तर नेपाली भाषाको सेवा गरिरहनु भएकाले”।

३०. संवत् २०७४ सालको पुरस्कार श्री शान्तदास मानन्धरज्यूलाई “बाल साहित्यको विकास, विस्तार तथा प्रवर्धनमा पाँच दशकदेखि निरन्तर समर्पित रहनु भएकाले”।

**मदन पुरस्कार गुठीको स्वर्णवर्षमा सम्मानित व्यक्तित्व र संस्थाहरू:**

१. श्री आर.डी. 'प्रभास' चटौत
२. श्री घटराज भट्टराई
३. श्री चूडामणि रेग्मी
४. श्री दिलबहादुर नेवार (शिलाङ)
५. श्री भरतराज पन्त
६. श्री मणिराज उपाध्याय
७. श्री रमेश खकुरेल
८. श्रीमती राधिका राया
९. श्री श्यामदास वैष्णव
१०. श्री वसन्तकुमार शर्म्मा नेपाल
११. म्युजिक नेपाल
१२. रत्न पुस्तक भण्डार

**मदन पुरस्कार/जगदम्बा-श्री विद्वद् प्रवचनका लागि आमन्त्रित विद्वान्/विदुषीहरू**

२०२९ सिद्धिचरण श्रेष्ठ

२०३० सूर्यबहादुर शाक्य

२०३१ मदन पुरस्कार समारोह भएन।

२०३२ नयनबहादुर खत्री

२०३३ मदन पुरस्कार समारोह भएन।

२०३४ जगतमोहन अधिकारी

२०३५ लैनसिंह वाङ्देल

२०३६ कृष्णवम मल्ल

२०३७ रणधीर सुब्बा

२०३८ केदारमान व्यथीत

२०३९ भूपालमान सिंह

२०४० द्रोणशमशेर ज.ब.रा.

२०४१ मोहनमान सैंजु

२०४२ माधव घिमिरे

२०४३ राजेश्वर देवकोटा

२०४४ अम्बिकाप्रसाद अधिकारी

२०४५ छविलाल गजुरेल

२०४६ बैरागी काइँला

२०४७ केदारभक्त माथेमा/ ऋषिकेश शाह

२०४८ अम्बिकाप्रसाद अधिकारी

२०४९ यदुनाथ खनाल

२०५० सुरेशराज शर्मा

२०५१ ईश्वर बराल

२०५२ मदनमणि दीक्षित

२०५३ राजेश्वर देवकोटा

२०५४ माधव घिमिरे

२०५५ माधवराज गौतम

२०५६ केशरीराज पाण्डे

२०५७ लैनसिंह बाङ्देल

२०५८ वासुदेव त्रिपाठी

२०५९ माधव भट्टराई

२०६० कमलप्रकाश मल्ल

२०६१ अङ्गुरबाबा जोशी

२०६२ बालकृष्ण पोखरेल

२०६३ टङ्क सुब्बा

२०६४ सत्यमोहन जोशी

२०६५ निलाम्बर आचार्य

२०६६ बिहारीकृष्ण श्रेष्ठ

२०६७ रामप्रसाद श्रेष्ठ

२०६८ चैतन्य मिश्र

२०६९ उपेन्द्रमान मल्ल

२०७० नाङ्वाङ् छेम्पो शेर्पा

२०७१ लिलामणि पौडेल

२०७२ प्रकाश सायमी

२०७३ सुदर्शनराज तिवारी

२०७४ तीर्थबहादुर श्रेष्ठ

[सामान्यतया उल्लिखित मितिको ठीक एक वर्ष पछि हुने मदन पुरस्कार समारोहमा विद्वद् प्रवचन दिने प्रचलन छ तर कुनै प्रवचन केही वर्ष पछाडि भएको वा फरक-फरक व्यक्तित्वले एकै वर्ष प्रवचन दिएको उदाहरण पनि छ। विस्तृत विवरणका लागि *मदन पुरस्कार: प्रवचनहरू* २०६२ हेर्नुहोस्।]

**मदन पुरस्कार गुठीबाट मनोनीत भई सम्माननीया जगदम्बाका सिटमा कलकत्ताका मेडिकल कलेजहरूमा अध्ययन गर्न जाने विद्यार्थीहरू:**

| साल | मेडिकल कलेज | आर.जी.कार.मेडिकल कलेज |
|---|---|---|
| १९५६–५७ | एम.एल लोढा, जोधपुर | + + |
| १९५७–५८ | तडित्कान्ति च्याटर्जी, कलकत्ता | शिशिरकुमार शाह, कलकत्ता |
| १९५८–५९ | नवीनचन्द्र शर्मा, कलकत्ता | नरेन्द्रकुमार शर्मा, बनारस |
| १९५९–६० | सुन्दरमणि आ.दी., ललितपुर | कुमारी पुण्यवती शर्मा, खरसाङ |
| १९६०–६१ | रामनिवास राठी, विराटनगर | गोपालबहादुर श्रेष्ठ, वीरगन्ज |
| १९६१–६२ | केशरसिंह मल्ल, काठमाडौं | गोपालदास जोशी, काठमाडौं |
| १९६२–६३ | प्रदीप शमशेर राणा, काठमाडौं | राजेन्द्रनाथ परुया, कलकत्ता |
| १९६३–६४ | लक्ष्मीलता तुलाधर, काठमाडौं | चित्रलाल भट्टचन, बागलुङ्ग |
| १९६४–६५ | जयाप्रसाद बराल, झापा | अनवर अहमद खाँ, तौलिहवा |
| १९६५–६६ | शेखरबाबु रिजाल, कैलाली | कुमारी कस्तुरी श्रेष्ठ, ललितपुर |
| १९६६–६७ | हेमन्तशमशेर राणा, काठमाडौं | जनककेशर प्रसाईं, इलाम |
| १९६७–६८ | लुइसा राजपुत, ललितपुर | श्यामबहादुर कर्माचार्य, काठमाडौं |
| १९६८–६९ | विजयकुमार शर्मा, तौलिहवा | जोन शर्मा (बर्मा), कलकत्ता |
| १९६९–७० | अरूणकुमार रौनियार, काठमाडौं | अशोकशमशेर ज.ब.रा., काठमाडौं |
| १९७०–७१ | केशवराज शर्मा, नेपालगन्ज | माधवप्रसाद खनाल, नेपालगन्ज |
| १९७१–७२ | शैलेशकुमार उपाध्याय, विराटनगर | प्रकाशनारायण मल्लिक, जलेश्वर |
| १९७२–७३ | पीयूषराज पाण्डे, काठमाडौं | + + |
| १९७३–७४ | धनराज अर्याल, काठमाडौं | राजेनसुन्दर श्रेष्ठ, ललितपुर |
| १९७४–७५ | ध्रुवनाथ त्रिपाठी, वीरगन्ज | शरदकुमार शर्मा, कपिलवस्तु |
| १९७५–७६ | अमरकुमार देउजा, काठमाडौं | मदन कोइराला, विराटनगर |

| | | |
|---|---|---|
| १९७६–७७ | अनिलबहादुर श्रेष्ठ, विराटनगर | कुमारी पवित्रासिंह ढुङ्गाना, चितवन |
| १९७७–७८ | मधु दीक्षित, काठमाडौं | सुरेशकुमार काफ्ले, सुनसरी |
| १९७८–७९ | अञ्जु श्रेष्ठ, ललितपुर | देवेन्द्रनाथ दास, सर्लाही |
| १९७९–८० | विद्यादेव शर्मा, ललितपुर | सुमनशमशेर ज.ब. राणा, वीरगन्ज |
| १९८०–८१ | सङ्गीता अधिकारी, काठमाडौं | तुहीनकान्ति भट्टाचार्य, धनुषा |
| १९८१–८२ | दीना रायमाझी, काठमाडौं | भार्गवमणि दीक्षित, काठमाडौं |
| १९८२–८३ | विनोद राजभण्डारी, काठमाडौं | श्रीकृष्ण भट्ट, बैतडी |
| १९८३–८४ | स्वयम्भूमान तुलाधर, काठमाडौं | चन्द्रमोहन यादव, धनुषा |
| १९८४–८५ | विद्या पराजुली, म्याग्दी | दीपकबाबु श्रेष्ठ, गोरखा |
| १९८५–८६ | सञ्जय लाखे, वीरगन्ज | कुमारी ज्योत्स्ना रिमाल, काठमाडौं |
| १९८६–८७ | अर्पणा रिसाल, ललितपुर | मखलाल श्रेष्ठ, काठमाडौं |
| १९८७–८८ | सङ्गीता श्रेष्ठ, काठमाडौं | जीवनकुमार आत्रेय, बर्दिया |
| १९८८–८९ | अल्पनासिंह, सर्लाही | अजयराज पाण्डे, काठमाडौं |
| १९८९–९० | कमलराज अर्याल, धादिङ | शरदराज सत्याल, काठमाडौं |
| १९९०–९१ | डेला जोशी, काठमाडौं | दिनेश काफ्ले, स्याङ्जा |
| १९९१–९२ | अपर्ना रिजाल, काठमाडौं | महेश ढकाल, काठमाडौं |
| १९९२–९३ | मनीषा कार्की, धरान | सुबोधकुमार ढकाल, स्याङ्जा |
| १९९३–९४ | सविना भट्टराई, काठमाडौं | कुमारी सलोना श्रेष्ठ, काठमाडौं |
| १९९४–९५ | किरण गजुरेल, काठमाडौं | विवेक शर्मा, दाङ |
| १९९५–९६ | लुना शर्मा, काठमाडौं | सुमितराज अधिकारी, काठमाडौं |
| १९९६–९७ | सजुमा भजु, काठमाडौं | मनोहर बुढाथोकी, सल्यान |
| १९९७–९८ | विनिता शर्मा, काठमाडौं | नेत्रप्रसाद दवाडी, काठमाडौं |
| १९९८–९९ | वीरेन्द्र के.सी., मोरङ | सुनिलकुमार कर्ण, सर्लाही |
| १९९९–२००० | शोभेन्द्र गौतम, काठमाडौं | अरविन्द देव, सप्तरी |
| २०००–००१ | सुभाष के.सी., पोखरा | दीप लामिछाने, काठमाडौं |
| २००१–००२ | इरिना खड्का, काठमाडौं | धर्मागत भट्टराई, मेघौली चितवन |

| | | |
|---|---|---|
| २००२–००३ | सुबज भट्टराई, सिन्धुपाल्चोक | भीष्म पोखरेल, काठमाडौं |
| २००३–००४ | दीपक गौतम, स्याङ्जा | शनीश गुरुङ, पोखरा |
| २००४–००५ | सबीन साहू, भक्तपुर | आर्जन खनाल, कास्की |
| २००५–००६ | पवन शर्मा, पाल्पा | सुरज आले, कास्की |
| २००६–००७ | दिवस मरासिनी, गुल्मी | सन्तोष ढुङ्गाना, पाँचथर |
| २००७–००८ | कुमारी निशा शर्मा, काठमाडौं | लक्ष्मण ठाकुर, मोरङ |
| २००८–००९ | नारायण अधिकारी, काभ्रे | घनश्याम तिमल्सिना, कास्की |
| २००९–०१० | विनुदा पौडेल, स्याङ्जा | कपिल दवाडी, काठमाडौं |
| २०१०–०११ | प्रजिना प्रधान, काठमाडौं | मोनाली शाह, धनुषा |
| २०११–०१२ | जेनी खरेल, काठमाडौं | शिशिर थापा, कास्की |
| २०१२–०१३ | शंकर ढुङ्गेल, धनुषा | प्रीति आचार्य, दाङ |
| २०१३–०१४ | निहारिका पन्त, काठमाडौं | जीत पुन, म्याग्दी |
| २०१४–०१५ | यानी खरेल, काठमाडौं | ऋतिक देवकोटा, रूपन्देही |
| २०१५–०१६ | सलिना श्रेष्ठ, सिराहा | सन्तोष उपाध्याय, धादिङ |
| २०१६-०१७ | ++ | ++ |
| २०१७-०१८ | विजय केसी, रूकुम | सागर आचार्य, सिन्धुली |
| २०१८-०१९ | रमेश गौतम, तेह्रथुम | सन्ध्या पौडेल, चितवन |

## गुठीका सदस्यहरू

१) श्री कुन्दमणि दीक्षित *
२) डा. गोविन्द टण्डन *
३) डा. चूडामणि बन्धु
४) डा. जगमान गुरुङ
५) डा. महादेव अवस्थी
६) डा. माधव भट्टराई
७) रथी श्रीधरशमशेर ज.ब.रा. *
८) श्री कनकमणि दीक्षित *
९) श्री ठाकुर पराजुली
१०) श्री दीपक अर्याल *
११) श्री भिक्टर प्रधान
१२) श्री रमेश खकुरेल
१३) श्री सुलोचना मानन्धर

* गुठीका प्रबन्ध–समितिका सदस्यहरू

(जगदम्बा प्रेस प्रा.लि.)